अनुसुची-१६

दफा ३३ को उप-दफा २ सँग सम्बन्धित

वन पैदावार लिलाम बिक्रिको विस्तृत सुचना

**श्री देवीस्थान सामुदायिक वन उपभोक्ता समूह राजपुर गा.पा.-१, कठ्वेरुवा,दाङ**

काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रिको सुचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः-२०८३/५/१०)**

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट पुनरुत्पादन कटान र ढलापडा तर्फ आ.व.२०८२/०८३ मा संकलन गरी वन पैदावार आपूर्ति समिति दाङ(देउखुरी)को चलानी नम्बर १६९ मिति २०८३/५/४ गतेको पत्रानुसार लिलाम बिक्रि सहमति अनुसार सामुदायिक वनको घाटगद्दीमा भएको काठलाई लटमा विभाजित निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औ दिन १२:०० बजे भित्र डिभिजन वन कार्यालय, दाङ(देउखुरी) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हन गरिन्छ।

<u>तपशिलः–</u>

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरणः-**

| वन पैदावारको विवरण | | | | | | मूल्याङ्कन (रु) | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण घ.फि. | दर प्रति घ.फि. | न्यूनतम मुल्य (रु) | कटान मुछान खर्च(रु) | |
| १ | साल | गोलिया | ए | १६ | २७०.८९ | १२५० | ३३८६१३ | ३७१०६२ | |
| | | | वी | ३८ | २९३.०६ | ९०० | २६३७५४ | | |
| | | | सी | १८१ | ६१५.१५ | ६०० | ३६९०९० | | |
| | | | डी | १३० | २४३.६१ | ३०० | ७३०८३ | | |
| | सिसौं | | ए | १ | ८.८ | ७०० | ६१६० | | |
| | | | वी | २१ | ५४.११ | ५०० | २७०५५ | | |
| | जामुन | | वी | २ | १६.४८ | ३०० | ४९४४ | | |
| | | | सी | ७ | २५.७८ | १०० | २५७८ | | |
| | तेन्दु | | | ३ | १४.४१ | १०० | १४४१ | | |
| | धमिना | | | .७ | २४.९८ | १०० | २४९८ | | |
| | आँप | | | २९ | १७१.५ | २०० | ३४३०० | | |
| | मौवा | | | १० | ४५.१८ | १०० | ४५१८ | | |
| | जम्मा | | | ४४५ | १७८३.९५ | | ११२८०३४ | | |
| | साल | दाउरा | चट्टा | | ५ | १२००० | ६०००० | ७२००० | |
| | अन्य | दाउरा | चट्टा | | १ | ४००० | ४००० | | |
| | जम्मा | | | | | | ६४००० | | |
| लट नं.१ को जम्मा रकम | | | | | | | ११९२०३४ | | |
| वन पैदावारको विवरण | | | | | | मूल्याङ्कन (रु) | | | कै. |

अध्यक्ष

दोर्ण बहादुर पुन

| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण घ.फि. | दर प्रति घ.फि. | न्यूनतम मुल्य (रु) | कटान मुछान खर्च(रु) | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | साल | गोलिया | ए | १९ | २९३.४५ | १२५० | ३६६८१३ | ५२६५१९ | |
| | | | वी | ३४ | २९२.३३ | ९०० | २६३०९७ | | |
| | | | सी | १९३ | ६५७.१९ | ६०० | ३९४३१४ | | |
| | | | डी | १३० | ३०८.८ | ३०० | ९२६४० | | |
| | सिसौं | | ए | २ | १३. | ७०० | ९१०० | | |
| | | | वी | ३३२ | ६५५.२५ | ५०० | ३२७६२५ | | |
| | जामुन | | वी | ३ | २०.४३ | ३०० | ६१२९ | | |
| | | | सी | ६ | १६.७७ | १०० | १६७७ | | |
| | तेन्दु | | | ५ | १६.०४ | १०० | १६०४ | | |
| | धमिना | | | १ | ५.४३ | १०० | ५४३ | | |
| | मौवा | | | १६ | ४२.८६ | १०० | ४२८६ | | |
| | आँप | | | ३८ | २०९.७९ | १०० | २०९७९ | | |
| | जम्मा | | | ७७९ | २५३१.३४ | | १४८८८०७ | | |
| | साल | दाउरा | | | ५ | १२००० | ६०००० | ८४००० | |
| | सिसौं | | | | १ | १२००० | १२००० | | |
| | अन्य | | | | १ | ४००० | ४००० | | |
| | जम्मा | | | | | | ७६००० | | |
| लट नं. २ जम्मा रकम | | | | | | | १५६४८०७ | | |
| कुल | | | | | जम्मा १३ चट्टा काठ ४३१५.३ घ.फि. | | | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८३/०५/३० गते, ५:०० वजे भित्र ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/५/३१ गते, १२:०० बजे भित्र ।

ग) बोलपत्र खरिद गर्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट अर्थात दाखिला गर्ने दिन नै निर्धारित समयमा बोलपत्र खरिद गरि सोही दिन दाखिला गर्ने लाई मान्यता दिईनेछ। साथै दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट तोकिएको समयमा दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी वापत कवोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको कृषि विकास बैंक लमही.शाखा स्थित खाता नं. ०९१९००५५५८६७८०११ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्नेछ। नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन।

४. बोलपत्रको प्रत्येक लटका लागि रु. एक लाखदेखी १० लखासम्म न्यूनतम मुल्य भएको रु.१,०००।– र रु.दसलाख भन्दा बढी न्यूनतम मूल्य कायम भएको रु.२०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, दाङ(देउखुरी)वाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ।

५.बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।

६. बोलपत्र खरिद गर्दा लट अनुसार वेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

७. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ।

अध्यक्ष
दोर्ण बहादुर पुन

८. लिलाम प्रक्रियामा भाग लिन इच्छुक स:मिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्वर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ। नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।

९. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/५/३१ गते दिनको १:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ। सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ।

१०.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको ४५(पैतालिस)दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि,कर,सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१२. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

१३. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।

अध्यक्ष
दोर्ण बहादुर पुन

# रक्तचाप र डिप्रेसनको औषधि सेवन गर्दै हुनुहुन्छ ? यी कुरामा ध्यान दिनुहोस्



गर्मीका बेला बाहिर निस्कँदा अरूभन्दा धेरै पसिना आउने, शरीरको तापक्रम सामान्य हुन लामो समय लाग्ने वा अत्यधिक थकान महसुस हुने समस्या कतिपय मानिसमा देखिन सक्छ । यस्तो समस्या गर्मीका कारण मात्र नहुन सक्छ ।

केही औषधिले पनि शरीरले गर्मी महसुस गर्ने र त्यसबाट जोगिने प्राकृतिक क्षमतामा असर पार्न सक्छन् । विशेषगरी मानसिक स्वास्थ्य, उच्च रक्तचाप र मुटुसम्बन्धी समस्या उपचारका लागि प्रयोग हुने केही औषधिले गर्मीका कारण हुने स्वास्थ्य जोखिम बढाउन सक्छन् ।

### मानसिक स्वास्थ्यका औषधिले कसरी असर गर्छन् ?

डिप्रेसन, चिन्ता तथा मानसिक समस्याको उपचारमा प्रयोग हुने केही औषधिले शरीरलाई गर्मीबाट जोगाउने क्षमतामा असर पार्न सक्छन् । यस्ता औषधिले मस्तिष्कको हाइपोथालामस नामक भागमा प्रभाव पार्न सक्छन् । हाइपोथालामसले शरीरको तापक्रम नियन्त्रण गर्ने महत्वपूर्ण भूमिका छ।

डिप्रेसनको उपचारमा प्रयोग । केही औषधिमा सेट्रालिन, फ्लुओक्सेटिन, एस्सिटालोप्राम र भेनलाफ्याक्सिन पर्छन् । यी औषधिले मस्तिष्कमा सेरोटोनिनको पुनःअवशोषण रोक्ने काम गर्छन् । सेरोटोनिनले मानिसको मनोदशासहित शरीरका विभिन्न कार्यमा भूमिका खेल्छ ।

मस्तिष्कमा सेरोटोनिनको मात्रा बढ्दा शरीरको तापक्रम नियन्त्रणमा असर पर्न सक्छ र अत्यधिक पसिना आउन सक्छ । यसबाट शरीरमा पानी तथा आवश्यक लवणको कमी हुनसक्ने जोखिम रहन्छ । गर्मीका कारण पहिल्यै शरीरमा पानी तथा लवणको कमी भइरहेको अवस्थामा समस्या अझ गम्भीर हुन सक्छ ।

पुरानो केही डिप्रेसनविरोधी औषधिले अत्यधिक पसिना आउन सक्छ वा पसिना आउनबाट रोक्न सक्छ । दुवै अवस्था शरीरका लागि समस्या बन्न सक्छन् । पसिना नआए शरीरले गर्मी बाहिर निकाल्न नसक्दा शरीरको तापक्रम अत्यधिक बढ्न सक्छ ।

### मानसिक स्वास्थ्यका अन्य औषधिमा पनि जोखिम

सिजोफ्रेनिया तथा बाइ पोलार जस्ता मानसिक समस्याको उपचारमा प्रयोग हुने मनोविकारविरोधी औषधिले पनि गर्मीमा शरीरको प्राकृतिक प्रतिक्रिया प्रभावित गर्न सक्छन् ।

यस्ता औषधिले मस्तिष्कमा रहेको डोपामिनको गतिविधिमा असर पार्दा शरीरलाई चिसो राख्ने सामान्य प्रक्रिया कमजोर हुन सक्छ । यसअघि अत्यधिक गर्मीका समयमा गरिएका केही अध्ययनले मनोविकारविरोधी औषधि सेवन र गर्मीका कारण हुने मृत्युको उच्च जोखिमबीच सम्बन्ध देखाएका छन् ।

ध्यान केन्द्रित गर्ने क्षमता बढाउन प्रयोग हुने केही उत्तेजक औषधिले पनि शरीरमा गर्मी बढाउन तथा रक्तनली साँघुरो बनाउन सक्छन् । यसले शरीरलाई स्वाभाविक रूपमा चिसो राख्ने प्रक्रियामा बाधा पुऱ्याउन सक्छ ।

### रक्तचाप र मुटुका औषधिमा पनि ध्यान दिनुपर्छ

गर्मीको जोखिम मानसिक स्वास्थ्यका औषधिसँग मात्र सम्बन्धित छैन । उच्च रक्तचाप तथा मुटुसम्बन्धी समस्या उपचारका लागि प्रयोग हुने केही औषधिले पनि गर्मीमा शरीरको प्रतिक्रियामा असर पार्न सक्छन् ।

शरीरबाट बढी पानी निकाल्ने औषधि, एन्जियोटेन्सिन रूपान्तरण गर्ने इन्जाइम रोक्ने औषधि तथा एन्जियोटेन्सिन-२ ग्रहणकर्ता रोक्ने औषधिले शरीरमा पानी र आवश्यक लवणको सन्तुलन बिगार्न सक्छन् । केही औषधिले तिर्खा लाग्ने संकेत दिने हर्मोनको काममा समेत असर पार्न सक्छन् ।

यसको संयुक्त प्रभावले शरीरमा अत्यधिक पानीको कमी हुन सक्छ । गम्भीर अवस्थामा मिर्गौला काम गर्न नसक्ने, हृदयघात हुने वा शरीरका अन्य महत्वपूर्ण अंगमा क्षति पुग्ने जोखिम बढ्न सक्छ । त्यस्तै, मुटुसम्बन्धी रोगमा प्रयोग हुने बीटा-ब्लकर समूहका औषधिले छालासम्म पुग्ने रक्तसञ्चार कम गर्न सक्छन् । यसले शरीरबाट गर्मी बाहिर निकाल्ने क्षमता कमजोर बनाउन सक्छ ।

पार्किन्सन रोग, पिसाबथैलीको समस्या, श्वासप्रश्वाससम्बन्धी समस्या तथा एलर्जीको उपचारमा प्रयोग हुने केही औषधिले पनि पसिना आउने र शरीरलाई चिसो राख्ने प्रक्रियामा असर गर्न सक्छन् ।

### धेरै प्रकारका औषधि सेवन गर्नेहरू बढी सावधान

कतिपय मानिसले एउटै समयमा विभिन्न रोगका लागि धेरै प्रकारका औषधि सेवन गरिरहेका हुन्छन् । यस्तो अवस्थामा औषधिको संयुक्त प्रभावले शरीरलाई गर्मीबाट जोगाउने क्षमता अझ कमजोर बनाउन सक्छ । विशेषगरी वृद्धवृद्धा गर्मीका कारण हुने स्वास्थ्य समस्याप्रति बढी संवेदनशील हुने भएकाले उनीहरूमा थप सावधानी आवश्यक हुन्छ ।

केही अध्ययनले शरीरबाट पानी निकाल्ने औषधि, मनोविकारविरोधी औषधि, बीटा-ब्लकर तथा उच्च रक्तचाप नियन्त्रण गर्ने औषधि सेवन गर्ने वृद्धवृद्धामा अत्यधिक गर्मी नभएको अवस्थामा समेत गर्मीसँग सम्बन्धित स्वास्थ्य समस्याका कारण अस्पताल भर्ना हुने जोखिम बढी हुन सक्ने देखाएका छन् ।

### गर्मीमा कस्ता संकेत देखिए सावधान हुने ?

गर्मीका बेला अत्यधिक पसिना आउने, मुटुको धड्कन बढ्ने, शरीर असामान्य रूपमा तात्ने, अत्यधिक थकान हुने, चक्कर लाग्ने वा मानसिक अवस्थामा परिवर्तन आउने जस्ता लक्षणलाई बेवास्ता गर्नु हुँदैन ।

विशेषगरी कुनै व्यक्ति अलमलिने, सामान्य व्यवहार नगर्ने वा मानसिक अवस्थामा अचानक परिवर्तन देखिने अवस्था शरीर अत्यधिक तातिएको अर्थात् गर्मीका कारण गम्भीर अवस्था सिर्जना भएको संकेत हुन सक्छ । यस्तो अवस्थामा तत्काल नजिकको आकस्मिक उपचार कक्षमा लैजानुपर्छ ।

गर्मीबाट बच्न पर्याप्त पानी पिउने, अत्यधिक घाम लागेको समयमा बाहिर ननिस्कने र सम्भव भएसम्म चिसो तथा हावायुक्त स्थानमा बस्ने उपाय अपनाउनुपर्छ ।

### औषधि आफैँ बन्द नगर्नुहोस्

सबैभन्दा महत्वपूर्ण कुरा, गर्मीमा समस्या भयो भन्दैमा आफूले सेवन गरिरहेको औषधि आफैँ बन्द गर्नु हुँदैन । औषधिले गर्मीमा पार्न सक्ने असरबारे चिकित्सकसँग परामर्श गर्नुपर्छ । आवश्यक परे चिकित्सकले औषधिको मात्रा, समय वा उपचार पद्धतिबारे उचित निर्णय गर्न सक्छन् ।

विशेषगरी मानसिक स्वास्थ्यको औषधि लामो समयदेखि सेवन गरिरहेका व्यक्तिले चिकित्सकीय सल्लाहबिना औषधि रोक्नु जोखिमपूर्ण हुन सक्छ । त्यसैले गर्मीमा औषधि सेवन गर्दा देखिन सक्ने सम्भावित असरबारे आफूलाई जानकारी राख्ने र असामान्य लक्षण देखिएमा समयमै चिकित्सकको सल्लाह लिनु आवश्यक हुन्छ ।

# प्याब्सन घोराहीले हाजिरी जवाफ र शिक्षक, विद्यार्थी र विद्यालयलाई सम्मान गर्ने

■ गणतन्त्र समाचारदाता

घोराही, ९ भदौ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) घोराही नगर कमिटीको सोमबार बसेको बैठकले प्रतियोगिता तथा सम्मान कार्यक्रमहरु गर्ने निर्णय गरेको छ।

प्याब्सन घोराही नगर कमिटीका अध्यक्ष बालकृष्ण ओलीको अध्यक्षता एवम् प्रमुख सल्लाहकार विरेन्द्र चन्दको प्रमुख आतिथ्यतामा बसेको बैठकले भाद्र २१ गते आइतबार प्राथमिक तहको गणित-विज्ञान हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरेको छ । कक्षा ४ र ५ का लागि आयोजित गणित-विज्ञान हाजिरी जवाफ प्रतियोगिता घोराही उपमहानगरपालिका १७ गुलरिया स्थित मदन भण्डारी मेमोरियल स्कुलमा सञ्चालन गर्ने निर्णय गरेको छ । उक्त प्रतियोगिताको छनौट चरणमा ५० ओटा वस्तुगत प्रश्नहरुको लिखित परीक्षा गराइने र फाइनल चरणमा भने १० उत्कृष्ट समुहलाई हाजिरी जवाफ गराउने निर्णय गरिएको छ ।

यसैगरी बैठकले असोज २ गते शिक्षा दिवसका अवसरमा विद्यार्थी, शिक्षक र विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिसँगै प्रोत्साहन स्वरुप सम्मान कार्यक्रम गर्ने निर्णय गरेको छ । शैक्षिकसत्र २०८२ मा पालिकास्तरीय कक्षा ८ को परीक्षा र राष्ट्रिय परीक्षा बोर्डको एसइइ परीक्षामा ४ जिपिए, कक्षा १२ मा पालिका उत्कृष्ट जिपिए प्राप्त गर्ने विद्यार्थी र विद्यालय, कक्षा ८ र १० मा शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउने विद्यालयलाई सम्मान गर्ने निर्णय गरेको छ। यसैगरी एसइइ २०८२ मा ५ अनिवार्य विषयहरुमा पालिकाभित्र सर्वोत्कृष्ट जिपिएसहित धेरै विद्यार्थी उत्तीर्ण गराउन सफल शिक्षकहरुलाई पनि सम्मान गर्ने निर्णय गरेको छ।

# क्यान्सर पीडित चित्रा वलीलाई वंश समिति र रुन्टिगढी सेवा समाजको आर्थिक सहयोग

■ गणतन्त्र समाचारदाता

घोराही ९ भाद्र । घोराही उपमहानगरपालिका-१८ निवासी ५८ वर्षीया क्यान्सरपीडित चित्रा वलीको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले साँउदु बली वंश समन्वय समिति र रोल्पा रुन्टिगढी सेवा समाजले संयुक्त रूपमा आर्थिक सहयोग गरेका छन्।





फोक्सोको क्यान्सरबाट विगत आठ महिनादेखि पीडित बलीको चितवनस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा उपचार भइरहेको छ। परिवारको आर्थिक अवस्था कमजोर रहेकाले उपचार खर्च जुटाउन कठिनाइ हुँदै गएपछि 'चित्रा वली बचाउ अभियान' सञ्चालन गरिएको हो।

अभियानअन्तर्गत साँउदु बली बंश समन्वय समितिले रु. २० हजार ५३० तथा रोल्पा रुन्टिगढी सेवा समाजले रु. २० हजार ७५५ गरी कुल रु. ४१ हजार २८५ आर्थिक सहयोग गरेका हुन्। साँउदु बली बंश समन्वय समितिका अध्यक्ष इन्द्रबहादुर वली र रोल्पा रुन्टिगढी सेवा समाजका अध्यक्ष गिरीराज दशौंदीको नेतृत्वमा सहयोग रकम हस्तान्तरण गरिएको हो। सहयोग संकलन तथा अभियानलाई प्रभावकारी बनाउन बंश समितिका सचिव दीपक वली र समाजका उपाध्यक्ष बालाराम पुनले सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो।

'चित्रा वली बचाउ अभियान'बाट हालसम्म रु. ५२ हजार ८८५ सहयोग रकम संकलन भएको बताइएको छ। आर्थिक अभावका कारण उपचारमा समस्या झेलिरहेकी वलीलाई सहयोग गर्न विभिन्न व्यक्ति, संघसंस्था तथा सामाजिक क्षेत्रमा सक्रिय व्यक्तिहरूलाई अभियानमा जोडिन परिवारले आग्रह गरेको छ। क्यान्सरजस्तो जटिल रोगसँग संघर्ष गरिरहेकी चित्रा वलीको उपचारमा थोरै भए पनि राहत पुगोस् भन्ने उद्देश्यले सहयोग गरिएको साँउदु वली वंश समन्वय समिति र रुन्टिगढी सेवा समाजले जनाएको छ।

पीडित परिवारले पनि मानवीय सहयोगका लागि सबैसँग अपिल गर्दै 'चित्रा वली बचाऔं, जीवन बचाऔं' अभियानमा हातेमालो गरिदिन आग्रह गरेको छ।

# दाङ...

रहनेछ–दाङलाई समृद्ध, आत्मनिर्भर, उद्यमशील र सम्भावनायुक्त जिल्ला बनाउने।

हामीलाई कसैसँग प्रतिस्पर्धा गर्नु छैन। हामीले आफ्नै यात्रासँग प्रतिस्पर्धा गर्नुछ। हिजोभन्दा आज राम्रो काम गर्ने, आजभन्दा भोलि अझ प्रभावकारी बन्ने र हरेक दिन समाजका लागि केही सकारात्मक योगदान गर्ने हाम्रो प्रयास हो।

दाङको भविष्य सुन्दर बनाउन सकिन्छ। घोराहीलाई अझ व्यवस्थित, उत्पादनशील र समृद्ध बनाउन सकिन्छ। हाम्रा पालिकालाई आत्मनिर्भर बनाउन सकिन्छ। हाम्रा वडालाई उद्यमशील बनाउन सकिन्छ। युवालाई यहीँ अवसर दिन सकिन्छ। कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य र खेलकुदलाई विकासको आधार बनाउन सकिन्छ।

आवश्यक छ–इमानदार इच्छाशक्ति, स्पष्ट योजना, निरन्तर मेहनत र सामूहिक प्रतिबद्धता।

त्यसैले हाम्रो यात्रा जारी छ। बजेटबिना पनि हाम्रो आवाज रोकिएको छैन। कठिनाइका बीच पनि हाम्रो जिम्मेवारी रोकिएको छैन। सञ्चार क्षेत्र संकटमा भए पनि समाजलाई गतिशील बनाउने हाम्रो प्रयास रोकिएको छैन।

हामी हिँडिरहनेछौं। नागरिकका कुरा सुनिरहनेछौँ। समस्या पहिचान गरिरहनेछौँ। सम्भावनाको खोजी गरिरहनेछौँ। सम्बन्धित निकायलाई खबरदारी गरिरहनेछौँ। आवश्यक ठाउँमा सहकार्य गरिरहनेछौँ।

र अन्ततः हाम्रो विश्वास यही हो–दाङ बनाउन सकिन्छ, घोराही बनाउन सकिन्छ, यदि हामी सबैले आफ्नो ठाउँबाट इमानदारीपूर्वक जिम्मेवारी वहन गऱ्यौं भने।

दाङ बनाउने हुटहुटी हाम्रो मनमा छ। यो हुटहुटी शब्दमा मात्र सीमित रहने छैन। समयसँगै यसले योजना, योजना कार्यान्वयन र कार्यान्वयनबाट परिणामको रूप लिनेछ।

हाम्रो यात्रा निरन्तर रहनेछ। दाङ बनाऔं। घोराही बनाऔं। आफ्नै माटोमा सम्भावना खोजौं। आफ्नै ठाउँलाई आत्मनिर्भर बनाऔँ। र आउने पुस्ताले गर्व गर्ने दाङ निर्माण गरौं।












## गोलिया काठको बोलपत्रद्वारा लिलाम विक्रिको सुचना !

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०५/१० गते

श्री देवीस्थान सामुदायिक वन उपभोक्ता समूह राजपुर गा.पा.-१ को वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल जात समेतको जम्मा गोलिया थान १२२४ को ४३१५.३ घनफिट काठ तथा साल समेत गरि जम्मा दाउरा १३ चट्टा जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलबन्दी लिलाम बढाबढ प्रकृया द्वारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन तोकिएको समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ।यस सम्वन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

(अध्यक्ष)

**श्री देविस्थान सामुदायिक वन उपभोक्ता समूह**

राजपुर गा.पा.-१, कठ्बेरुवा दाङ(देउखुरी)


**छोरा र छोरी दुबै बराबरी, स्कुल पठाऔं सरासरी**

घोराही बनाऔं अभियान